

राजनीतिमा लाज हराएपछि

प्रा.डा.कुलप्रसाद कोइराला

९

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोनः ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५/७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com

ठूलो ट्याइकीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

❑ वर्ष-२१ ❑ अंक - २८६ ❑ २०८३ मङ्सिर ०४ गते शुक्रबार ❑ Friday, 20 Nov. 2026 ❑ मूल्य ७ /-

कन्काई पुलको निर्माण कार्य शीघ्र अघि बढाउन माग

पूर्वसन्देश समाचार

दमक/ 'कन्काई पुल अलपत्र पार्नु हुँदैन, सदनमा आवाज उठाउनेछौं' भन्दै झापाका सांसदहरूले एक्यबद्धता जनाएका छन् । झापा गाउँपालिका वडा नम्बर २ र गौरीगञ्ज गाउँपालिका वडा नम्बर १ जोड्ने कन्काई पुलको निर्माण विगत १३ वर्षदेखि अलपत्र परेको छ ।

विसं २०६८ मा निर्माण सम्झौता भएको पुल हालसम्म पनि नबन्दा यहाँका स्थानीय बासिन्दाले सास्ती बेहोर्नुपरेको छ ।

यो पुल निर्माण सम्पन्न भएको भए झापा जिल्ला कोशी प्रदेश राजधानी विराटनगर बीचको यातायात सहज हुने थियो । यो पुल निर्माण सम्पन्न नहुँदा यस क्षेत्रको व्यापार व्यवसाय तथा पर्यटन प्रवर्द्धनमा समेत असर परेको छ ।

हुलाकी राजमार्गअन्तर्गत झापा गाउँपालिका र गौरीगञ्ज



गाउँपालिका जोड्ने कन्काई पुलको निर्माण कार्य शीघ्र अघि बढाउन स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाले सरकारसँग माग गरेका छन् ।

चौध वर्षदेखि अलपत्र पुल परिसरमा हुलाकी संघर्ष समितिले विहिबार आयोजना गरेको बहुभाषिक कन्काई कवि सम्मेलनका वक्ताहरूले ठेक्का सम्झौता रद्द भइसकेकाले सरकारले तत्काल नयाँ ठेक्का प्रक्रिया अघि बढाउनुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रमका प्रतिनिधिसभा सदस्य अमरेशकुमार सिंहले हुलाकी राजमार्गको समग्र समस्या बुझ्न आफूले मेची-महाकाली यात्रा सुरू गरेको बताउँदै कन्काई पुलको निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने बताए । उनले भने, 'पुलले भूगोल र व्यापार व्यवसाय जोड्छ । कन्काई पुलको छुट्टै महत्व छ । यसलाई अब अलपत्र पार्नु हुँदैन । निर्माणका लागि सदनमा समेत आवाज उठाउनेछौं ।'

त्यस्तै, प्रतिनिधिसभा सदस्य शम्भु ढकाल 'सुस्केराले सरकारले पुरानो ठेक्का रद्द गरी निर्माण कम्पनीलाई जरिवाना गर्ने प्रक्रिया अघि बढाइसकेको बताए । उनका अनुसार चाँडै सम्बन्धित मन्त्रालयबाट प्राविधिक टोली आएर नयाँ पुल निर्माण गर्ने वा पुरानै संरचनाको बाँकी काम सम्पन्न गर्ने भन्ने विषयमा आवश्यक निर्णय गर्नेछ ।

कार्यक्रममा विभिन्न भाषाका कविहरूले आ-आफ्ना कविता वाचन गर्दै पुल निर्माणमा भइरहेको ढिलाइप्रति व्यंग्य र चिन्ता व्यक्त गरेका थिए । हुलाकी राजमार्ग संघर्ष समितिका संयोजक रामरिजन यादवले १४ वर्षसम्म राज्यले एउटा पुलसमेत निर्माण गर्न नसक्नु लज्जाजनक भएको जनाउँदै सरकारलाई दबाब दिन र

बाँकी ४ पेजमा ▸▸

४५ आगलागीका घटना, १७ करोड बढीको क्षति

दमक/ झापामा पछिल्लो तीन महिनामा आगलागीका ४५ घटना भएका छन् । भदौ, असोज र कात्तिकमा भएका ती घटनामा १७ करोड ५१ लाख १३ हजार ९७५ बराबरको आर्थिक क्षति भएको जिल्ला प्रहरी कार्यालयले झापाले जनाएको छ ।

कात्तिकमा मात्रै २६ वटा आगलागीका घटना हुँदा रू छ करोड ७२ लाख २१ हजार बराबरको अनुमानित क्षति भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक सुवास बुढाथोकीले जानकारी दिए । उनका अनुसार ती घटनामा परी दुई जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् ।

त्यस्तै, असोजमा आगलागीका १२ घटना हुँदा रू १० करोड ६६ लाख ८२ हजार ९७५ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक सुवास बुढाथोकीले जानकारी दिए । उनका अनुसार ती घटनामा परी दुई जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् ।

त्यस्तै, असोजमा आगलागीका १२ घटना हुँदा रू १० करोड ६६ लाख ८२ हजार ९७५ बराबरको क्षति भएको थियो भने भदौमा सात वटा घटना हुँदा रू १२ लाख १० हजार बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख छ ।

प्रहरी नायब उपरीक्षक बुढाथोकीका अनुसार जिल्लामा पछिल्लो तीन महिनाको अवधिमा विपद्का अन्य घटनाको तुलनामा आगलागीबाट सबैभन्दा बढी आर्थिक क्षति भएको छ ।

तीर्थयात्री बोकेको बस दुर्घटना, १४ जना घाइते

दमक/ तीर्थयात्री बोकेको बस दुर्घटना हुँदा १४ जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी निरीक्षक श्रीकुमार पौडेलका अनुसार बुधबार बिहान करिब ८:३० बजे लमही नगरपालिका-९ स्थित शिवखोलानजिक पूर्व-पश्चिम राजमार्गमा बस दुर्घटना भएको हो । बुटवलबाट कोहलपुरतर्फ जाँदै गरेको भे १ ख ३२३० नम्बरको बस अनियन्त्रित भई सडकमा पल्टिएको उनले बताए ।

लुम्बिनी भ्रमण गरी कोहलपुर फर्किरहेको उक्त बस कोहलपुर नगरपालिका-१४, हवल्दारपुर, बाँके निवासी २६ वर्षीय राजकुमार विकले चलाएका थिए । दुर्घटनाका समयमा चालक र सहचालकसहित बसमा ५३ जना सवार थिए ।

दुर्घटनामा परी १४ जना घाइते भएका छन् । घाइतेहरूलाई उपचारका लागि बाँकेको कोहलपुरस्थित मेडिकल कलेज पठाइएको प्रहरी निरीक्षक पौडेलले जानकारी दिए । अन्य ३७ जना यात्रुको अवस्था सामान्य रहेको र चालक, सहचालक तथा बस प्रहरी नियन्त्रणमा रहेको बताइएको छ । घाइते हुनेमा बाँकेको बैजनाथ गाउँपालिका-४ निवासी २० वर्षीया पूर्णिमा थापा र २२ वर्षीया अनिषा सुनार रहेका छन् ।

बाँकी ४ पेजमा ▸▸

पूर्वमुख्यसचिव अर्यालविरुद्ध पक्राउ पुर्जी जारी

दमक/ पूर्वमुख्यसचिव एकनारायण अर्यालविरुद्ध पक्राउ पुर्जी जारी भएको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को प्रतिवेदनका आधारमा जिल्ला अदालतले मलेसियामा वैदेशिक रोजगारीमा जाने श्रमिकमार्फत भएको ठगी प्रकरणमा अर्यालविरुद्ध पक्राउ पुर्जी जारी गरेको हो ।

अर्याल फरार रहेको बताइएको छ । मलेसिया ठगी प्रकरणमा सीआईबीले बुधवार मात्रै दुई पूर्वमन्त्रीसहित ६ जनालाई पक्राउ गरिसकेको छ । तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीद्वय शेरबहादुर कुँवर र रामेश्वर राय, श्रम मन्त्रालयका तत्कालीन सचिव विनोद केसी, रोजगार व्यवस्थापन महाशाखाका तत्कालीन प्रमुखद्वय उमेश ढुंगाना र राजीव पोखरेल तथा तत्कालीन कानुन अधिकृत निर्मला गुरुङ पक्राउ परेका हुन् ।

त्यसअघि यो प्रकरणमा सीआईबीले चार जनालाई पक्राउ गरेको थियो । पक्राउ पर्नेमा काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-१ का ४२ वर्षीय कैलाश खड्का, भक्तपुरको चाँगुनारायण नगरपालिका-९ का ४० वर्षीय रवीन्द्र केसी, गोरखा नगरपालिका-३ का ४२ वर्षीय प्रवीण तिवारी र सर्लाहीको मलंगवा नगरपालिका-४ का ४५ वर्षीय रामपुकार तिवारी छन् ।

मोटरसाइकल ठोक्किँदा दुई युवकको मृत्यु

झापा/ *झापाको बाह्रदशी गाउँपालिकामा धान काट्ने मेसिनमा मोटरसाइकल ठोक्किँदा दुई युवकको मृत्यु भएको छ । बाह्रदशी गाउँपालिका-५ स्थित चारपाने-राजगढ सडकखण्डमा भएको दुर्घटनामा मोटरसाइकलमा सवार दुई जनाको ज्यान गएको हो । मृत्यु हुनेमा बाह्रदशी-५ चकचकीका गोपाल ताजपुरिया र सोही पालिकाको बुट्टावारीका अशोक राजवंशी रहेका छन् । दुवै जनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रमुख सन्तोष पाठकका अनुसार मोटरसाइकल सडकमा रहेको धान काट्ने मेसिनमा ठोक्किएर दुर्घटना भएको हो ।*

सताक्षीमा 'शतकुण्डीय गायत्री कोटी हवन महायज्ञ'

सुनको हलोले खनेर भूमिपूजा गरिने

दमक/ शिवसताक्षी नगरपालिका-११ स्थित प्रसिद्ध धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल सताक्षीधाममा महायज्ञको पूर्वतयारीस्वरूप यही मङ्सिर ५ गते विशेष धार्मिक अनुष्ठानका साथ भूमिपूजन गर्ने कार्यक्रम तय भएको छ । गोलोक गोवर्धन गौशालाका संरक्षक एवम् अध्यक्ष आचार्य नन्दकिशोरजी भारद्वाजका अनुसार महायज्ञको मुख्य हवन कुण्ड निर्माणका लागि शनिबार 'सुनको हलो' ले भूमि खनी वैदिक विधिअनुसार भूमिपूजन



गरिनेछ । आगामी २०८३ माघ ९ गतेदेखि 'शतकुण्डीय गायत्री कोटी हवन महायज्ञ' आयोजना हुने र वैदिक सनातन धर्म, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्ने मुख्य उद्देश्यका साथ गोलोक गोवर्धन गौशालाको आयोजनामा यो बृहत् धार्मिक अनुष्ठान सञ्चालन हुन लागेको हो ।

झापाको धार्मिक इतिहासमा झन्डै चार दशकपछि *यो दुर्लभ महायज्ञ हुन लागेको*

बाँकी ४ पेजमा ▸▸

संसद् अधिवेशन छिट्टै बोलाउने सरकारको तयारी

दमक/ सरकारले संघीय संसद्को आगामी अधिवेशन छिट्टै आह्वान गर्ने तयारी गरेको छ । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले अधिवेशन बोलाउने विषयमा छलफल भइरहेको र छिट्टै आह्वान गर्ने सरकारको लक्ष्य रहेको बताएकी छन् ।

प्रधानमन्त्री बालेन्द्र शाह यसै साता भारत भ्रमणमा जाने कार्यक्रम रहेकाले अधिवेशन आह्वानको मिति तत्कालै निश्चित गर्न नसकिएको उनले बताइन् ।

मन्त्री गौतमका अनुसार सरकारले आगामी अधिवेशनलाई लक्षित गर्दै नयाँ कानुन निर्माण, विद्यमान कानुन संशोधन तथा आवश्यक अध्यादेशबारे गृहकार्य अघि बढाएको छ । सरकारले घोषणा गरेको 'कानुन निर्माण तथा सुधार वर्ष' अन्तर्गत एक वर्षमा १६६ वटा कानुन निर्माण तथा सुधार गर्ने लक्ष्य राखिएको उनले जानकारी दिइन् ।

बाँकी ४ पेजमा ▸▸

मुकुमलुङ संरक्षण समितिको चेतावनी

दमक/ पाथीभरामा केबलकार निर्माण प्रक्रिया अघि बढाए फेरि संघर्षमा उत्रिने मुकुमलुङ संरक्षण अन्तरदलीय संघर्ष समितिले चेतावनी दिएको छ । समितिले केबलकार आयोजना खारेज गरी क्षेत्रको मौलिक धार्मिक, सांस्कृतिक तथा प्राकृतिक स्वरूप संरक्षण गर्न सरकारसँग माग गरेको छ ।

धनकुटामा आयोजित पत्रकार सम्मेलनमा समितिले संरक्षण आन्दोलनमा संलग्न समुदाय र अभियन्तामाथि राज्य तथा केबलकार निर्माणमा संलग्न पक्षबाट दमन, आक्रमण र मानवअधिकार उल्लंघन भएको आरोप लगाएको छ । संरक्षणकर्मीमाथि गोली प्रहार गर्ने, धारिलो हतियारले आक्रमण गर्ने र झुटा मुद्दा लगाउने कार्य रोक्न तथा लगाइएका मुद्दा फिर्ता लिन पनि समितिले माग गरेको छ ।

पत्रकार सम्मेलनमा आदिवासी

बाँकी ४ पेजमा ▸▸

BIG DIGITAL

कर्मचारी आवश्यकता

BIG DIGITAL दमकको लागि केही दक्ष तथा अनुभवी कर्मचारी आवश्यक रहेको हुँदा इच्छुकले सम्पर्क गर्न सक्नु हुने छ।

सेल्समयान २ जना

सेल्स असिस्टेन्ट २ जना

योग्यता :
- सम्बन्धीत काममा दक्ष

आवश्यक कागजातहरु :
1. नागरिकता वा मतदाता परिचय पत्रको प्रतिलिपि
2. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
3. सम्बन्धित कामको योग्यताको प्रमाणपत्र तथा इच्छा लिखित निवेदन

पारिश्रमिक :
- सेल्समयान : रु. २६,०००/-
- असिस्टेन्ट : रु. १५,०००/-

सेवाको किसिम : करार सेवा (२ वर्ष अवधी)

सम्पर्क मिति : २०८३ कार्तिक २७ गतेदेखि मङ्सिर ५ गतेसम्म

परीक्षाको किसिम : प्रमाण पत्र तथा योग्यताको आधारमा अन्तरवार्तामा बोलाईने छ ।

arambha.computer@gmail.com
023-576246
9852676246

BIG DIGITAL
दमक, झापा

सम्पादकीय

जग्गा रोक्काको गाँठो तत्काल फुकाऊन आवश्यक

प्रस्तावित पूर्व-पश्चिम विद्युतीय रेलमार्ग निर्माणका लागि भन्दै झापा, मोरङ र सुनसरीका चार हजारभन्दा बढी घरपरिवारको जग्गा सात वर्षदेखि रोक्का राखिनु सरकारको गैरजिम्मेवार कार्यशैलीको उदाहरण हो । न सरकारले जग्गा अधिग्रहण गरेर मुआब्जा दिएको छ, न निर्माण प्रक्रिया अघि बढाएको छ, न त जग्गा फुकुवा नै गरेको छ । विकासको सपना देखाएर नागरिकलाई वर्षौंदेखि आफ्नै सम्पत्तिबाट वञ्चित गर्नु न्यायसंगत हुन सक्दैन । सरकारले अब यस विषयमा तत्काल निर्णय गर्नुपर्छ ।

सरकारले २०७७ जेठ २४ र २७ गते सूचना जारी गर्दै झापाको काँकडभिट्टादेखि सुनसरीको इनरूवासम्म १२६ दशमलव ७५ किलोमिटर रेलमार्ग निर्माणका लागि जग्गाको हक हस्तान्तरण रोक्का गरेको थियो । त्यस क्रममा झापा, मोरङ र सुनसरीका ५ हजार ४२४ कित्ता जग्गा रोक्का भएका छन् । खेतीयोग्य जमिनदेखि आवासीय क्षेत्रसम्म परेको यस रोक्काले हजारौं परिवारको आर्थिक तथा सामाजिक जीवन प्रभावित बनाएको छ ।

जग्गा रोक्का हुनु भनेको कागजमा स्वामित्व कायम रहे पनि व्यवहारमा सम्पत्तिको उपयोग गर्न नपाउनु हो । प्रभावित नागरिकले जग्गा बिक्री गर्न, अंशबन्डा गर्न, ढानबकस गर्न वा बैंक तथा वित्तीय संस्थामा धितो राख्न पाएका छैनन् । शिक्षा, स्वास्थ्य, विवाह र अन्य आकस्मिक आवश्यकताका लागि रकम जुटाउनसमेत कठिन भएको उनीहरूको गुनासो छ । कतिपय स्थानमा रेलमार्गको रेखांकनका लागि गाडिएका पक्की पिलरले खेतीपातीमा समेत अवरोध पुऱ्याएको छ ।

पूर्व-पश्चिम विद्युतीय रेलमार्ग राष्ट्रिय गौरव र दीर्घकालीन विकासको महत्त्वपूर्ण आयोजना हुन सक्छ । यातायात सहजता, आर्थिक गतिविधि विस्तार र क्षेत्रीय सम्पर्कका दृष्टिले यसको सम्भावना अस्वीकार गर्न सकिँदैन । तर विकास आयोजना अघि बढाउँदा नागरिकको सम्पत्ति र अधिकारलाई बेवास्ता गर्न मिल्दैन । आयोजना निर्माण गर्ने हो भने आवश्यक जग्गा कानुनी प्रक्रियाअनुसार अधिग्रहण गरी तत्कालीन होइन, हालको प्रचलित बजार मूल्यका आधारमा उचित मुआब्जा दिनुपर्छ । आयोजना अनिश्चित भएको हो भने रोक्का जग्गा क्षतिपूर्तिसहित फुकुवा गर्नुपर्छ ।



प्रा.डा.कुलप्रसाद कोइराला

अहिले कांग्रेसमा देश जनतालाई सत्ताको 'बालो' दान गर्न नदीकिनारमा बसेको एउटा घाइते बुढो बाघ र अर्को भर्खरै हुर्कदै गरेको पठ्ठो बाघका बीचमा सुनको बालो मेरो मेरोको घोर तर परिणामदायी युद्ध चलेको देखिन्छ । 'युद्धेषु सर्व समीचीनं भवति' भन्ने सिद्धान्तका आधारमा कानुनी दाउपेच पनि चलाएकै छन् ।

राजनीतिमा लाज हराएपछि

सर्वस्वार्थ समीहते

पौरस्त्य जगत्का शुक्रतारा ऋषि याज्ञवल्क्यले मन्छेले जेसुकै अभिनय गरोस्, जस्तोसुकै त्याग र तितीक्षाका कुरा गरून्, तिनीहरु सधैं स्वार्थको पिण्डका स्वमा आ ना परिचय चिह्न लिएर देखापरेका हुन्छन् । शिक्षक, विद्यार्थी, पतिपत्नी, प्रेमी प्रेयसी, किसान, व्यापारी, उपदेशक, योगी, सन्यासी, वैष्णव शाक्त, सौर्य, गाणपत्यमात्र होइन चोर, डाका लाटालफंगासम्म पनि सबै नै स्वार्थका जालमा आबद्ध हुन्छन् भने । याज्ञवल्क्य जनकपुर निवासी थिए र उनी कमला खुँजका वनमा बसेर शुक्लयजुर्वेद लेख्दैथिए । कमला खुँजका वनमा देखेको एउटा वन्यजीवको उदाहरणबाट समग्र जीवका स्वभावमाथि प्रकाश पारेका छन् उनले ।

वानर र उसको बच्चाका बीचको व्यवहारका माध्यमले पौरस्त्य दार्शनिक परम्पराका उनले जमेका पोखरीमा तरंग ल्याउने र सत्य स्थापित गर्ने उद्देश्यले फालेको एउटा दार्शनिक ढुंगो हो बृहदारण्य कोपनिषद् । यस ढुंगाका अनेकौं आयाम छन् । आ-आ ना मुण्डानुसार अरूले व्याख्या गरे पनि उनले चाहिं एउटा साधारण जैविक स्वार्थपूर्ण गतिविधिका माध्यमले दुनियाँलाई जीव निस्वार्थ हुँदैन भन्ने प्रमाणित गराएको देखिन्छ । याज्ञवल्क्यका दुइटी पत्नी थिए यौनको दुर्निवार आवश्यक्ता र वेदनिर्माणका वेलाको स्वार्थका कारणले पनि दुई पत्नी जम्मा गरेका थिए । उनी मिथिलाका थिए । उनका पिता अनिकालका बेला गरिबलाई विनाशुल्क हजारौं मुरी धान बाँड्थे ।

वैशम्पायन यिनका मामा र गुरू दुवै थिए । मामासँग सामान्य मतभेद भएपछि मामाको गुरुकुल परित्याग गरेर सूर्यसँग शुक्लयजुर्वेदको शिक्षा लिएका कुराहरु भेटिन्छन् । ठीक यस्तै प्रसंग कांग्रेसको पनि छ । नेपालको तत्कालीन आवश्यक्ताका कारणले बाघ, स्याल, सर्प, बिच्छी र भ्यागुताका मेलमिलापका बलमा नेपाली कांग्रेस पार्टी खुलेको थियो । 'अहिंसा प्रतिष्ठायां तत्सन्निधौवैरत्याग:' भन्ने पतञ्जलीको योगसूत्रका अनुसार नै विश्वेश्वरप्रसाद कोइरालाको उच्चबौद्धिक क्षमता र निर्लोभी त्याग र मूल्यप्रतिको निष्ठाका अगाडि सबै निष्तर्क भए । कतिपय सिकारमा बाँच्ने र बाँचेर आएका जीव पनि लुरूक्क परेका थिए ।

अहिले सबै लोभी स्याल, हुँडार आफै सिकार गर्न नसक्ने तर बाघ सिंहले गरेका सिकारलाई हुल बाँधेर झम्टा मार्ने र सक पुगे सिंह र बाघलाई झम्टा दिएर भगाई आफै सिकार लुछेर पेट भर्ने प्रकृतिका जीव यस दलमा भरिएका छन् । शायद यसैलाई हाइना भन्छन् क्यारे (स्मरङ हाइना र हुँडारको)उस्तै देख्छु । अहिले कांग्रेसमा देश जनतालाई सत्ताको 'बालो' दान गर्न नदीकिनारमा बसेको एउटा घाइते बुढो बाघ र अर्को भर्खरै हुर्कदै गरेको पठ्ठो बाघका बीचमा सुनको बालो मेरो/मेरोको घोर तर परिणामदायी युद्ध चलेको देखिन्छ । 'युद्धेषु सर्व समीचीनं भवति' भन्ने सिद्धान्तका आधारमा कानुनी दाउपेच पनि चलाएकै छन् ।

क्रियाकेवलमुत्तरम्

एकातिर बुढो बाघ जो जीवनभरिका सिकारबाट थकित गलित नखदन्त भएको हुनाले बैसमा आफूले सिकार गर्दा फेला परेको सुनको बालो दान गर्छु भनेर लोभी बटुवालाई आकर्षण गरेर एकै पटक भए पनि पेट भर्ने योजना अनुसार दानको समय अलिकति फरक पारेर स्नान गरेर बालो दान गर्न तयार देखिन्छ भने अर्कोतिर उम्दो उमेरका बाघले सुनका डल्ला र हीरामणिमाणिक्य मैदानमा फालेर गर्जदैछ । अब मान्छे को कता लाग्ने हुन् अनुमान सजिलो छैन । दुवै बाघ जातिकै हुन् । दुवै वनकै राजा मानिन्छन् । दुवै मांसाहारी नै हुन् । यी दुईमध्ये कुनै एक पनि चान्द्रायणव्रती भएको भए एउटा आधार हुन्थ्यो त्यो छैन । सुनिन्छ दक्षिणी वन र उत्तरी वनबाट बाघ नचाउने बधारी आएका छन् रे । तिनकै इसारामा नाच्दै आएका हुन् पनि भन्ने सुनिन्छ ।

उत्तरी बधेरीले आ ना बाघ नचाउन नजान्दा वनमा बुढा बाघका अघि सबै नयाँ जति बाघ नभए चितुवा निक्लेको सबै जन्तुले देख्न पाइसके । अब त्यहाँ बाघका डरले चितुवा ओडार पसे । बुढो बाघले हाई गरेर मुख बाउन थालेको देखिन्छ । महाभारतका पाखाको वन भनेको निगाले चितुवा र वनढाडेको क्रीडास्थलमात्रै हो । चारकोसे झाडी भनेको फाटेबाघ र जगरे सिंहको क्रीडास्थल हो । त्यसैले असोज र मंसिर महिना विशेष रोचक महिना बन्नेवाला छन् । एकातिर ब्राण्डको गर्जन सुनिन्छ भने अर्कातिर नवयौवनवालाको भेलछ भन्ने पनि सुनिन थालेको छ । मुखले र सञ्चारले जति जे भने पनि परिणाम नदेखिएसम्म कसैले कसैका विज्ञापनमा लाग्ने अवस्था देखिएको छैन । आजको कांग्रेस बरमफियाको पेडाका अवस्थामा पुगेको छ ।

एकातिर एकथरी ब्राण्ड जम्मा गरिएको छ भने अर्कातिर मूक असली ब्राण्ड प्रदर्शन गरेको देखिन्छ । क्रेता कता लाग्छन् हेर्न बाँकी नै छ । दुवै पसले मुनाफा पनि कमाउने नाम पनि कमाउने भनेर नै पसल खोल्न पुगेका देखिन्छन् । बाघ जुधाउने बधेरीका स्वमा रहेको असली बधेरी न्यायका नौ सिङ प्रदर्शनतिर लाग्नसक्ने सम्भावना पनि रहेको छ भन्छन् अगुल्टाले हिर्काइएकाहरु । बाघबाघ मिल्दाको दुष्परिणाम मेरा मित्र दीपकराज जोशीले जुन प्रकारले भोगेका थिए त्यो अन्यत्र देख्न नपाउने अवस्था हुनसक्छ । त्यस बेलाका महत्त्वाकांक्षी बाघ अहिले मैदानमा नै छन् ।

आ-आ नो सिकारको खेतीमा पनि लागिरहेकै रहेछन् भन्ने चाहिं २०८३ असोज ११ गतेको पूर्वप्रधानन्यायाधीश पद्काउ प्रसंगले प्रजातान्त्रिक विधिनियम कति निरीह र हात्तीको देखाउने दाँत तथा हराम से राम डरे भन्ने दुवै लोकोक्तिको सान्दर्भिकता लाटोले पनि बुझ्ने गरी स्पष्ट्याएको छ । वर्तमान सरकारको नियत र नियतिको उत्तर तिनकै कार्यशैलीले दिएन र ? उमेरको पार्थक्यबाहेक बुढा बाघमध्येका दुई ओली चोलेन्द्र र बालेन्द्रमा फरक के देखियो र ?

येनाहं नामृता स्यां किमहं तेन कुर्याम्

जेले म अमर बन्छु त्यो धन मलाई दिनुहोस् । महर्षि याज्ञवल्क्यका दुईवटी पत्नी थिए । एकदिन उनले आफू तपस्यामा जाने बेला भएपछि भएको धनसम्पति भाग लाएर आफू तपस्याका लागि उत्तराभ्यन्थरित जाने कुरो गर्दा मैत्रेयीले यो वाक्य भनेकी थिइन् । पतिपत्नीका बीचमा भएको लामो संवादपछि याज्ञवल्क्यका कुरा सुनेर मैत्रेयीले सोधिन् त्यो अथाह वा स्वल्पधनले म अजरअमर बन्छु ? होइन धनले अजरअमर कहिल्यै कोही पनि हुँदैन त्यसका लागि त ब्रह्मचिन्तन र आचरणयुक्त योगको आवश्यक्ता पर्दछ भनेपछि त्यसो भए मलाई त्यस्तो धन दिनुस् जसले म अजरअमर बन्न सकूँ । यो नासवान् धनतिर मलाई आशक्ति छैन भनेपछि बृहदारण्यक उपनिषद् गम्भीर बनेर अघि बढ्छ ।

कृष्णप्रसाद कोइराला र चन्द्र शमशेरदेखि आरम्भ भएको द्वन्द्वले मोहन शमशेरसम्म पनि हारजित हुनसकेन । यो लडाईं धन र मनको थियो एकातिर भने अर्कातिर मानवीय अहं जनता, देश र तिनका हकअधिकारसम्म पनि फैलिएर गयो । आज नेपाली कांग्रेसमा मच्चिएको द्वन्द्व अहं/अहंको हो तर जनता, देश प्रजातन्त्र, संघसंगठनका विधिनियमको आवरणले ढाकेर दुनियाँ दङ्गयाउने खेल खेलिरहेको देखिन्छ । आजका कांग्रेसमा न याज्ञवल्क्य छन् न त मैत्रेयी नै । आज त आत्मैवप्रिय:नान्यत । आफूलाई आफै प्रिय हुन्छ नकि अर्को/अरु । किनभने 'नवा अरे भवत्यात्मनस्तु कामायजायाप्रियाभवति । न वा अरे जायायै कामायजायाप्रियाभवत्यात्मनस्तु कामायजायाप्रियाभवति ।'

मैत्रेयी ! आ नै स्वार्थका कारणले तिमीले पतिलाई माया गरेकी हौ । पत्नीका लागि मैले पनि तिमीलाई माया गरेको होइन । मेरै स्वार्थका कारणले तिमी मेरी प्यारी बनेकी हौ । यही लेनदेन एकजना कांग्रेसी नेताले र कम्युनिष्टका नेताले बुझेका हुनाले आज पनि एकअर्कामा प्रिय रहेका छन् । यो प्रियता चाहिं न कम्युनिष्ट-कम्युनिष्टमा देखियो न त कांग्रेस-कांग्रेसमा नै देखियो । यसबाट के अवगत हुन्छ भने यी मूल्य, दर्शन, संगठन, प्रजातन्त्र भनेर गाइएका गीत छद्म हुन् । इन्द्रले वृत्रलाई मार्न समुद्रका फिँजमा वज्र लुकाएर भ्रममा पारेर मारेजस्तै गरी मान्छेलाई सम्मोहनपूर्ण मूर्ख बनाएर स्वार्थको दुनामा घ्यू पिउने उपक्रम मात्र रहेछन् भनेर दुनियाँले बुझेका दिन न सुल्फानन्द, न भ्युटावरानन्द, न त सत्तानन्द न त गन्गनानन्द नै आकर्षक तत्व रहनेछन् ।

सबै फुस्साको त्रिभुज हुनेछन् । यसैले त 'बालुवाको फब्वारा उदेर त्रिभुजाकार बनाएर बिलाये । मानव जीवनका नियतिलाई विप्रले भनेका थिए । आज उनकै मूर्धन्य अनुयायी र सन्तानका क्रियाकलाप, चिन्तन, आचरण तथा व्यवहारले सत्य साबित गरिदिएको छ । शुक्लयजुर्वेद निर्माता याज्ञवल्क्यले ईशापूर्व ६ हजार वर्षदेखि ८ हजार वर्षका बीचमा स्थापित गरेको सर्वस्वार्थवादी चिन्तनमा आज विश्व उभिएको छ । अमेरिकाको डेमोक्याटिक, रिपब्लिकन, इरानका शासक र नेपालका कांग्रेस, कम्युनिष्ट, राप्रपा, राजाका धुपौरे, मधेसका जमिनदार, पहाडका श्रमसंस्कृति हुन् कि उप्यालो, अँध्यारो, बोटबुट्यान दल सबैलाई न देश प्रिय रहेछ न जनता न दलीय विधिविधान ? सबैलाई कुर्सी, पैसा र भजनमण्डली नै त चाहिएको देखियो । गरिब तार्ने भनेर आएको बालेनले डोजर चलाएर अथला पार्दा र हिमपहिराले अथला पार्दाको पीडितको पीडामा अन्तर हुन्छ र ?

गोठालाका लागि गाई लडेर मरेको र बाघले खाएको फरक देखिएला तर गोधनीलाई त पीडा एकै न हो किलो रितियो । देश गोठ हो जनता गोधनी, बाँकी सबै गोठाला । लेखनाथ पौड्यालको गौथली बोल्यो चिरीबिरी च्यार्इ शीर्षक कवितामा 'म पनि भन्छु यै घर मेरो कति कति दल्थे रंग कमेरो ।विधिवश अहिले नाता पर भोभन्ने वाक्यलाई सम्झेर शान्त, संयत जीवनमा सबै फर्कौ भन्ने सोच्न नसक्ने मानवीय चरित्रभन्दा अलि पर पो पर्छ कि भन्ने ख्याल गर्ने कि ? आधा रातमा सुल्काका सुरमा सपना देखेर रक्सी नखाई सुतेको प्रहरीलाई आदेश दिएर मान्छे धुन्ने एकादेशका नपाउनेले केरा पाएर बोक्रैसित खाए जस्तो नगर्ने कि नेताजी हो ? यसका लागि एक हुलले चिसै पानीले नुहाउनु पर्ला ।

- हिटा

पाठक पत्र

चौबिसै घण्टा खुला सहर समृद्ध अर्थतन्त्रको आधार

सम्पादकज्यू,

काठमाडौंलाई चौबिसै घण्टा खुला राख्ने बहस सकारात्मक छ । तर यो व्यवस्था काठमाडौंमा मात्र सीमित हुनु हुँदैन । देशका प्रमुख सहरहरुमा पनि व्यवस्थित र सुरक्षित रात्रिकालीन बजार सञ्चालन गर्न आवश्यक छ । व्यापार, पर्यटन, रोजगारी, यातायात र नागरिकको सुविधाका दृष्टिले रात्रीकालीन अर्थतन्त्रलाई विस्तार गर्नु आजको आवश्यकता हो । सहर राति पनि चलायमान हुँदा आर्थिक गतिविधि बढ्छ, व्यवसायीले थप अवसर पाउँछन् र उपभोक्ताले आ नो सुविधाअनुसार सेवा लिन सक्छन् ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले आउँदो अंग्रेजी नयाँ वर्षदेखि जिल्लाका होटल तथा पर्यटन व्यवसाय चौबिसै घण्टा सञ्चालन गर्ने वातावरण बनाउने तयारी भइरहेको बताएका छन् । जिल्ला होटल व्यवसायी संघको मागपछि प्रशासनले देखाएको सकारात्मक तत्परता स्वागतयोग्य छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र लामो दूरीका यातायातका साधन चौबिसै घण्टा सञ्चालन हुने तर राति अबेर पुग्ने यात्रुले होटल, खाना र अन्य सेवा नपाउने अवस्था अन्त्य हुनुपर्छ । पर्यटक तथा यात्रुलाई समयको सीमाका कारण असुविधा हुनु राम्रो होइन ।

रात्रीकालीन बजार सञ्चालनले होटल र रेस्टुरेन्ट मात्र होइन, यातायात, किराना पसल, औषधि पसल, मनोरञ्जन, सांस्कृतिक कार्यक्रम र अन्य सेवा व्यवसायलाई पनि चलायमान बनाउन सक्छ । दिनको समयमा काममा व्यस्त रहने मानिसले राति किनमेल गर्न, खानपिन गर्न र परिवारसँग समय बिताउन पाउँछन् । यसबाट रोजगारीका नयाँ अवसर सिर्जना हुनुका साथै साना तथा मझौला व्यवसायको आम्दानी बढ्न सक्छ । पर्यटकले पनि स्थानीय कला, संस्कृति, परिकार र जीवनशैलीको अनुभव लिन थप अवसर पाउँछन् ।

तर सहर चौबिसै घण्टा खुला राख्नु भनेको पसल र होटललाई रातभर खोल्न अनुमति दिनु मात्र होइन । यसका लागि सुरक्षा, पर्याप्त सडक बत्ती, सार्वजनिक शौचालय, सरसफाइ, पार्किङ, रात्रिकालीन सार्वजनिक यातायात र स्वास्थ्य सेवाको व्यवस्था हुनुपर्छ । राति हुने ध्वनि प्रदूषण, मदिराको अव्यवस्थित कारोबार, आपराधिक गतिविधि र सवारी दुर्घटना नियन्त्रणका लागि स्पष्ट मापदण्ड तथा प्रभावकारी अनुगमन आवश्यक छ । व्यवसायी, स्थानीय बासिन्दा र प्रशासनबीच समन्वय पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

काठमाडौंमा सुरू हुने यो प्रयास देशका अन्य सहरका लागि पनि उदाहरण बन्न सक्छ । पोखरा, विराटनगर, धरान, भरतपुर, बुटवल, नेपालगन्जलगायतका सहरमा स्थानीय आवश्यकता र सम्भावनाअनुसार रात्रिकालीन बजार विकास गर्न सकिन्छ । यसले सहरको आर्थिक गतिविधि विस्तार गर्नुका साथै पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुऱ्याउनेछ ।

सहरको विकास दिनको उज्यालोमा मात्र सीमित हुनु हुँदैन । सुरक्षित, व्यवस्थित र मर्यादित रात्रिकालीन बजारले नागरिकको सुविधा र अर्थतन्त्र दुवैलाई लाभ पुऱ्याउन सक्छ । त्यसैले चौबिसै घण्टा खुला सहरको अवधारणालाई नारामा सीमित नराखी योजनाबद्ध रूपमा देशभर विस्तार गरिनुपर्छ ।

- *रजनम यादव, झापा*

बाँसको चोयाका सामग्री बनाएर जीविकोपार्जन

दमक । बाँसको चोयाबाट बनेका सामग्रीको बिक्री बढेसँगै सुनसरीका केही परिवारले परम्परागत सीपलाई जीविकोपार्जनको माध्यम बनाएका छन् । तिहारदेखि छठ पर्वसम्म पूजाआजामा प्रयोग हुने कोनिया, ढकिया, नाङ्लो र पत्तलगायत सामग्रीको माग बढेपछि बाँसका सामग्री बनाउनेलाई भ्याइनभ्याइ भएको छ । इनरूवा र इटहरीका स्थानीयले पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको सीपलाई निरन्तरता दिँदै यस्ता सामग्री उत्पादन र बिक्री गरेर परिवारको खर्च जुटाउँदै आएका छन् ।

इनरूवा उपमहानगरपालिका-४ का मनभरण मरीकले बाँसको चोयाबाट विभिन्न सामग्री बनाएर परिवारको जीविकोपार्जन गर्दै आएको ३० वर्ष भएको छ । बुबाआमाबाट सिकेको पुर्ख्यौंली सीपलाई निरन्तरता दिएका उनले गाउँबाट प्रतिघान दुई सय ५० रूपैयाँमा बाँस खरिद गरी चोया निकालेर सामग्री बनाउने गरेको बताए । एउटा सामान्य सामग्री तयार गर्न करिब दुई घण्टा लाग्ने उनले जानकारी दिए । उनका अनुसार उत्पादित सामग्रीको मूल्य ५० देखि पाँच सय रूपैयाँसम्म पर्छ । पूजाआजामा सीमित समय प्रयोग हुने भएकाले महँगा सामग्रीको बिक्री कम हुने गरेको उनले बताए ।

मरीकले स्थानीय सोमबारे र बिहीबारे हटियामा लगेर सामग्री बिक्री गर्दै आएका छन् । केही ग्राहक घरमै आएर खरिद गर्ने गरेको उनले बताए । मधेसी तथा चौधरी समुदायमा विवाहका बेला कोनिया र ढकियाको प्रयोग बढी हुने भएकाले विवाहको मौसममा माग बढ्ने गरेको उनको भनाइ छ । तिहार र छठ पर्वमा पूजाका लागि समेत यस्ता सामग्री आवश्यक पर्ने भएकाले बिक्री बढ्ने गरेको उनले बताए । 'अरू कुनै पेसा व्यवसाय छैन । वर्षभरि यही काम गर्छौं । आम्दानीको हिसाब राख्ने गरेका छैनौं, तर परिवारको जीविकोपार्जनको मुख्य आधार यही पेसा हो', उनले भने ।



यसैगरी, इटहरी उपमहानगरपालिका-३ सुनौलो बस्तीका बसन्त राईले पनि बाँसको चोयाबाट नाङ्लो बुनेर जीविकोपार्जन गर्दै आएका छन् । करिब दुई दशकदेखि यस पेसामा संलग्न उनले वार्षिक सातदेखि आठ लाख रूपैयाँसम्मको कारोबार हुने गरेको बताए । यही आम्दानीबाट घरखर्च, छोराको पढाइ र परिवारका अन्य आवश्यकता पूरा गर्दै आएको उनले जानकारी दिए । 'यो हाम्रो पुर्ख्यौंली पेसा हो । समय दिएर मेहनतका साथ काम गर्न सकियो भने आम्दानी पनि राम्रै हुन्छ', उनले भने ।


राईले नाङ्लो बनाउन आवश्यक बाँस तालतलैया र खोर्सानिघाट क्षेत्रबाट ल्याउने गरेका छन् । एउटा बाँसको मूल्य दुई सयदेखि तीन सय रूपैयाँसम्म पर्ने र त्यसबाट १० देखि १२ वटासम्म नाङ्लो बनाउन सकिने उनले बताए । उनका अनुसार एक साताभा एक सयभन्दा बढी नाङ्लो तयार गर्न सकिन्छ । उत्पादित नाङ्लो व्यापारीले प्रायः हरेक साता घरमै आएर खरिद गरी लैजाने गरेका छन् ।

उनले उत्पादन गरेका नाङ्लो इटहरी, धरान, भोजपुर, विराटनगर र पथरीलगायत स्थानमा बिक्री हुने गरेका छन् । एउटा नाङ्लोको मूल्य एक सय ३० देखि दुई सय ५० रूपैयाँसम्म पर्ने उनले बताए । 'पहिले हामी भोजपुरबाट नाङ्लो ल्याएर बेच्थ्यौं, अहिले यहाँ बनाएको नाङ्लो भोजपुरका व्यापारी आएर लैजानुहुन्छ', उनले भने ।

दसैं, तिहार र छ्लगायत चाडपर्व तथा पूजाआजामा नाङ्लोको प्रयोग बढी हुने भएकाले मदौ, असोज र कार्तिकमा बिक्री बढ्ने गरेको राईले बताए । सुनौलो बस्तीमा उनीसहित ५५ भन्दा बढी घरपरिवारले व्यावसायिक स्वमा बाँसको चोयाबाट नाङ्लो बुनेर आम्दानी गर्दै आएका छन् । घरमै बसेर काम गर्न सकिने भएकाले परिवारका सदस्यलाई समेत रोजगारी मिलेको र पुर्ख्यौंली सीपको संरक्षणमा सहयोग पुगेको उनले बताए ।

'अरूकोमा मजदुरी गर्नुभन्दा घरमै बसेर पुर्ख्यौंली सीपलाई निरन्तरता दिँदै कमाउनु फाइदाजनक छ । मेहनत गर्नुपर्छ, आम्दानी राम्रै हुन्छ', उनले भने, 'नाङ्लो बुनेर आएको आम्दानीबाट सानो घर बनाएको छु । छोराछोरीको पढाइ खर्च पनि यही पेसाबाट जुटाएको छु ।' बजारमा मागअनुसार विभिन्न आकार र प्रकारका नाङ्लो उत्पादन गर्न सकिने भए पनि मूल्य भने अपेक्षाअनुसार बढ्न नसकेको उनको भनाइ छ । यसरी बाँसको चोयाबाट सामग्री उत्पादन गर्ने पेसालाई स्थानीय स्तरमा रोजगारी सिर्जना गर्नुका साथै परम्परागत हस्तकलाको सीप र संस्कृतिलाई समेत जोगाउँदै आएको छ ।

आज हरिबोधिनी एकादशी र तुलसी विवाह



आज मनाइने हरिबोधिनी एकादशी व्रत तथा तुलसी विवाह नेपाली समाजको धार्मिक, सांस्कृतिक र सामाजिक जीवनसँग गहिरो रूपमा जोडिएको पर्व हो । भगवान् विष्णुको पूजा-आराधना, तुलसीको विवाह र व्रत-उपासनामार्फत मनाइने यस पर्वले धार्मिक आस्थासँगै प्रकृति संरक्षण, पारिवारिक एकता र सामाजिक सद्भावको सन्देश पनि प्रवाह गर्छ ।

हिन्दू धर्मशास्त्रीय मान्यताअनुसार आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिन क्षीरसागरमा शयन गर्नुभएका भगवान् विष्णु चार महिनापछि कार्तिक शुक्ल एकादशीका दिन जाग हुनुहुन्छ । यही दिनलाई हरिबोधिनी, प्रबोधिनी वा ठूलो एकादशीका रूपमा चिनिन्छ । यससँगै चतुर्मास व्रतको समापन हुने र विवाह, व्रतबन्धलगायतका शुभकार्य पुनः सुरू गर्ने परम्परा छ । यस वर्षको नेपाली पात्रोअनुसार मंसिर ४ गते शुक्रबार यो पर्व परेको छ ।

यस दिन हिन्दू धर्मावलम्बीहरू बिहानै स्नान गरी भगवान् विष्णुको पूजा गर्छन् । एकादशी व्रत बस्ने, भजनकीर्तन गर्ने, मन्दिर जाने र धार्मिक अनुष्ठानमा सहभागी हुने चलन छ । विशेषगरी नदी, तलाउ, कुण्ड तथा तीर्थस्थलमा भक्तजनको घुइँचो लाग्ने गर्छ । नेपालका विभिन्न स्थानमा लाग्ने एकादशी मेला धार्मिक पर्यटन र स्थानीय सांस्कृतिक पहिचानका दृष्टिले पनि महत्त्वपूर्ण छन् ।

हरिबोधिनी एकादशीको अर्को प्रमुख आकर्षण तुलसी विवाह हो । घरआँगनमा रोपिएको तुलसीलाई भगवान् विष्णुको प्रतीक शालिग्रामसँग विवाह गराउने धार्मिक परम्परा छ । तुलसीलाई पवित्र वनस्पति र भगवान् विष्णुलाई प्रिय मानिन्छ । तुलसीको पूजा, परिक्रमा र विवाहका क्रममा महिलाहरूले मंगलगीत गाउने, मण्डप सजाउने तथा पूजाआजा गर्ने गर्छन् । यसले परिवारका सदस्यलाई एउटै धार्मिक र सांस्कृतिक गतिविधिमा जोड्ने काम गर्छ ।

तुलसीको महत्त्व धार्मिक विश्वासमा मात्र सीमित छैन । आयुर्वेदमा तुलसीलाई औषधीय गुण भएको वनस्पतिका रूपमा लिइन्छ । घरआँगनमा तुलसी रोप्ने परम्पराले हरियाली र वनस्पतिप्रतिको सम्मानलाई पनि प्रोत्साहन गर्छ । त्यसैले तुलसी विवाहलाई प्रकृतिसँग मानिसको सम्बन्ध स्मरण गराउने सांस्कृतिक अभ्यासका रूपमा बुझ्न सकिन्छ ।

तर पर्व मनाउने क्रममा यसको मूल मर्म पनि बिर्सनु हुँदैन । धार्मिक स्थल र जलाशयमा फोहोर फाल्ने, प्लास्टिकजन्य सामग्री प्रयोग गर्ने, अनावश्यक तडकभडक गर्ने तथा ध्वनि प्रदूषण बढाउने प्रवृत्तिले पर्वको गरिमा घटाउँछ । व्रत र पूजाको नाममा देखावटी प्रतिस्पर्धा होइन, आत्मसंयम, सदाचार र सेवाभावलाई प्राथमिकता दिनुपर्छ । मन्दिर, नदी र सार्वजनिक स्थल सफा राख्नु पनि धार्मिक कर्तव्यकै रूपमा लिनुपर्छ ।

हरिबोधिनी एकादशी र तुलसी विवाह केवल परम्परागत कर्मकाण्ड होइनन्; यी आस्था, पारिवारिक एकता, प्रकृतिप्रेम र सामाजिक सद्भावका प्रतीक हुन् । नयाँ पुस्तालाई यसको धार्मिक कथासँगै सांस्कृतिक तथा पर्यावरणीय महत्त्व बुझाउन सके मात्र यस्ता पर्वको निरन्तरता अर्थपूर्ण हुन्छ । परम्परालाई समयअनुकूल परिमार्जन गर्दै यसको सकारात्मक सन्देश व्यवहारमा उतार्नु आजको आवश्यकता हो ।

पानासोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक
अनारदोहोंश तपाईहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सबै एप्लाइन्स, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वाशिङ मेशिन, कौटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तथार्तुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्ट.सहर, सेकेण्डहेण्ड मोटर २ फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम साभिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

SHREE RATNA JEWELLERY
दमक-६, शंखधरचोक, झापा
छापावाल सुन बिक्री दर 2,58,100/
चाँदी बिक्री दर 3350/-
हिजोको सुनचाँदीको दरभाउ
मिति : २०८३ मंसिर २
शुद्धताको ग्यारेन्टीसहित यहाँ आधुनिक तथा पौराणिक आकर्षक डिजाईनका सुनचाँदीका गरगहनाहरु बनाउनुका साथै शुपथ मूल्यमा खरिद बिक्री गरिन्छ ।
सुरक्षित सेफ लकरको आवश्यकता परेमा पनि हामीलाई सम्झनुहोला ।
सम्पर्क: ९८१५९९६३१५ (9815996315)

सन्दर्भ : विश्व बाल दिवस



हरेक बालबालिकाले सुरक्षित वातावरणमा हुर्कन, गुणस्तरीय शिक्षा प्राप्त गर्न, पोषणयुक्त खाना खान, स्वास्थ्य सेवा पाउन र आफ्नो विचार व्यक्त गर्न पाउनु उसको जन्मसिद्ध अधिकार हो । तर विश्वभर बालअधिकारका विषयमा विभिन्न प्रतिबद्धता र कानुनी व्यवस्था भए पनि लाखौं बालबालिका अझै हिंसा, बालश्रम, बालविवाह, कुपोषण र शिक्षाबाट वञ्चित हुनुपरेको छ । यही वास्तविकतालाई उजागर गर्दै बालअधिकारको संरक्षण र प्रवर्द्धनका लागि हरेक वर्ष नोभेम्बर २० अर्थात् यस वर्षको मङ्सिर ४ गते विश्व बाल दिवस मनाइँदै छ । बालबालिकाको अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता दोहोऱ्याउने मात्र होइन, राज्य र समाजलाई आफ्नो जिम्मेवारीप्रति जवाफदेही बनाउने अवसर पनि हो यो ।

संयुक्त राष्ट्रसंघले सन् १९५९ नोभेम्बर २० मा बालअधिकारसम्बन्धी घोषणापत्र र सन् १९८९ मा बालअधिकार महासन्धि पारित गरेको दिनको सम्झनामा यो दिवस मनाइन्छ । नेपालले पनि सन् १९९० मा महासन्धिलाई अनुमोदन गरेको हो । यससले बालबालिकाको बाँच्न पाउने, संरक्षण पाउने, विकास गर्न पाउने र सहभागिता जनाउन पाउने अधिकार सुनिश्चित गरेको छ । तर प्रतिबद्धता र कार्यान्वयनबीच अझै ठूलो अन्तर छ ।

युनिसेफको सन् २०२६ नोभेम्बर १८ को तथ्यांकअनुसार विश्वभर करिब एक अर्ब ६० करोड बालबालिका घरमै अभिभावक वा हेरचाहकर्ताबाट शारीरिक दण्ड वा मनोवैज्ञानिक हिंसासहितको कठोर अनुशासन भोगिरहेका छन् । त्यस्तै, सन् २०२५ को युनिसेफ प्रतिवेदनले न्यून तथा मध्यम आय भएका मुलुकका ४१ करोड ७० लाखभन्दा बढी बालबालिका शिक्षा, स्वास्थ्य, आवास, पोषण, सरसफाइ र खानेपानीमध्ये कम्तीमा दुई आधारभूत सेवाबाट गम्भीर रूपमा वञ्चित रहेको देखाएको छ । यी तथ्यांकले बालअधिकारको विश्वव्यापी चुनौती कति गम्भीर छ भन्ने स्पष्ट पार्छन् ।

नेपालमा पनि अवस्था सन्तोषजनक छैन । युनिसेफको सन् २०२४-२५ को नेपाल बहुसूचक सर्वेक्षणअनुसार २० देखि २४ वर्ष उमेर समूहका २८ प्रतिशत महिलाको विवाह १८ वर्ष नपुग्दै भएको थियो । युनिसेफका अनुसार नेपालमा पाँचदेखि १७ वर्ष उमेर समूहका प्रत्येक तीनमध्ये एक बालबालिका श्रममा संलग्न छन् । घरभित्रै बालबालिकामाथि हुने हिंसा र दण्डात्मक व्यवहार पनि गम्भीर चुनौतीका रूपमा छन् । बालविवाह, बालश्रम, कुपोषण, विद्यालय छाड्ने समस्या र अनलाइन माध्यमबाट हुने दुर्व्यवहार नियन्त्रण गर्न अझ प्रभावकारी कदम आवश्यक छ ।

नेपालको संविधान र बालबालिकासम्बन्धी ऐनले बालअधिकारको प्रत्याभूति गरे पनि कार्यान्वयन कमजोर हुनु चिन्ताको विषय हो । संघ, प्रदेश र स्थानीय सरकारले बालमैत्री नीति, पर्याप्त बजेट, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा र बालसंरक्षण संयन्त्रलाई प्राथमिकता दिनुपर्छ । अभिभावक र विद्यालयले पनि बालबालिकाको विचार सुन्ने र उनीहरूको प्रतिभा विकास गर्ने वातावरण बनाउनुपर्छ ।

बालबालिका भविष्यका कर्णधार मात्र होइनन्, वर्तमानका अधिकारसम्पन्न नागरिक पनि हुन् । उनीहरूको आवाज सुन्ने, क्षमता पहिचान गर्ने र सुरक्षित भविष्य सुनिश्चित गर्ने जिम्मेवारी हामी सबैको हो । दिवस मनाएर औपचारिकता पूरा गर्नुको सट्टा बालबालिकामाथि हुने विभेद, हिंसा र शोषण अन्त्य गर्ने अभियान चलाउनुपर्छ । बालअधिकारको सम्मान र संरक्षणबिना समृद्ध राष्ट्र निर्माण सम्भव छैन ।

इतिहास

काला पाँडे र गोरा पाँडे



गोर्खा राज्यका संस्थापक राजा द्रव्य शाह हुन् । द्रव्य शाहले विसं १६१६ मा गोरखा राज्य स्थापना गरेसँगै राजकाज सञ्चालनार्थ थरघर प्रथा सुरू गरेका थिए ।

थरघर अन्तर्गत अर्ज्याल, पाँडे, पन्त, राना, बोहरा र खनाल परे । थरघरलाई थप व्यवस्थित गर्न पछि थर अनुसार जिम्मेवारी बाँडिएको थियो । फलतः गणेश पाँडे काजी, नारायण अर्ज्याल राजगुरू, सर्वेश्वर खनाल राजपुरोहित, भगिरथ पन्त सेनापति, केशव बोहरा भूमि व्यवस्थापन र गङ्गाराम रानाले न्याय प्रशासनको जिम्मेवारी पाए । पछि राजा राम शाहको पालामा उक्त प्रथालाई कानुनी वैधतासहित थप व्यवस्थित बनाइयो ।

थरघरको जिम्मेवारी पाएकाहरूलाई चौतरिया र काजीहरूको भ्रष्टाचार हेर्ने अधिकारसमेत दिइयो । यसरी गोरखाबाट सुरू भएको थरघरमा पाँडे सबैभन्दा शक्तिशाली हाँगो थियो । किनभने राज्य सञ्चालक राजापछि काजीको मुख्य जिम्मेवारी पाउने पहिलो व्यक्ति नै गणेश पाँडे थिए ।

गणेश पाँडे पछि उनका सन्तानको विषयमा भने इतिहासकारबीच मतभेद छ । ऐतिहासिक अभिलेख केलाउँदा गणेश पाँडेपछि वीरूदत्त पाँडे गोरखाका काजी बने । वीरूदत्तपछि उनका छोरा भीमराज पाँडे नरभूपाल शाहलाई राज्यारोहण गराउने भारदारी समूहमा थिए । भीमराजका छोरा काजी कालु पाँडे गोरखाका सेनापति रहे । यस परिवारमा विसं १७७० मा जन्मिएका कालु पाँडेको वास्तविक नाम भने वंशीधर पाँडे थियो । उनी पृथ्वीनारायण शाहका सबैभन्दा विश्वस्त सेनापति थिए । उनले लमजुङसँग सन्धि गराई नेपाल एकीकरणमा अहम् भूमिका निर्वाह गरे । विसं १८१४ मा कीर्तिपुरको पहिलो युद्धमा उनले वीरगति प्राप्त गरेका थिए ।

कालु पाँडेका तीन छोराहरूमा वंशराज पाँडे, रणशुर पाँडे र दामोदर पाँडे हुन् । उनका जेठा छोरा काजी वंशराज पाँडे नेपाल एकीकरणको नेतृत्वदायी भूमिकामा थिए । कान्छा छोरा मूलकाजी दामोदर पाँडे नेपालको प्रधानमन्त्रीकै भूमिकामा रहे । दामोदर पाँडेका छोरा रणजङ्ग पाँडे नेपालको मुख्तियार भएका थिए ।

मुख्तियार भीमसेन थापाको पतनमा यिनको भूमिका अहम् थियो । विसं १९०० मा माथवरसिंह थापा प्रधानमन्त्री बनेसँगै भीमसेन थापाको हत्याको छानबिनको नाममा पाँडेहरुमाथि कारबाही चलाउँदा रणजङ्ग पाँडेको मृत्यु भएको थियो । पछि विसं १९०३ असोज २ गतेको कोतपर्वमा दलभञ्जन पाँडेसमेत मारिएपछि पाँडे वंश पूर्णतः शक्तिबाट बाहिरिन पुगेको थियो ।

काला पाँडे र गोरा पाँडे

इतिहास शिरोमणि बाबुराम आचार्यले उपमन्यु गोत्रीय पाँडे ब्राह्मणबाट आएको हुन सक्ने तर्क गरे पनि उनीहरु गोर्खा राज्यमा थापा, बस्न्यात र कुँवर जस्तै क्षेत्री भारदारकै रूपमा स्थापित थिए । पाँडे वंशभित्र काला र गोरा गरी दुई खाले पाँडेहरु रहेका थिए । जहाँ काला पाँडे भनेर काजी कालु पाँडे खलकलाई लिने गरिन्छ । यिनीहरु कालो वर्णका भएकाले काला पाँडे भनिएको हो भनिन्छ ।

इतिहासकारहरुका अनुसार यो उपनाम माथवरसिंह थापाले दिएका हुन् । वंशराज पाँडे, दामोदर पाँडे, रणजङ्ग पाँडे यसै हाँगाका हुन् । यो हाँगाको वैवाहिक सम्बन्ध बस्नात परिवारसँग थियो । कालु पाँडेकी छोरी चित्रादेवीको विवाह काजी केहरसिंह बस्न्यातसँग भएको थियो ।

त्यसै गरी पाँडे खलकको सरदार तुलाराम पाँडेतिरको हाँगोलाई गोरा पाँडे भनेर चिनिन्छ । यिनीहरु गोरो वर्णका भएकाले गोरा पाँडे भनिएको हो । रणजित पाँडे, दलभञ्जन पाँडे, वीरकेशर पाँडे, भोटु पाँडे यसै हाँगाका हुन् । काला पाँडे बस्न्यात खलकसँग नजिक भए भैं गोरा पाँडे थापा वंशसँग नजिक थिए ।

त्यसैले मूलकाजी रणजित पाँडेकी छोरी रानाकुमारीको विवाह काजी जनरल नैनसिंह थापासँग भएको थियो । काला र गोरा खेमाका विभाजित यी पाँडेहरुबीच चलखेल र षड्यन्त्र भइरहन्थ्यो ।

गोरा खलकका तुलाराम पाँडे पनि पृथ्वीनारायण शाहकै सैन्य कमाण्डर हुन् । विसं १८२५ मा कान्तिपुरसँगको युद्धमा मारिएका थिए । उनका पाँच छोरामध्ये जगजित, रणजित र भोटु पाँडेको भूमिका समेत उल्लेख्य छ । रणजित पाँडे गोरा पाँडेबाट मूलकाजी बन्ने एक मात्र व्यक्ति हुन् । क्रमशः...

जनकपुर-अयोध्याबीच साप्ताहिक रेल सेवा सञ्चालन गर्न भारतको स्वीकृति



दमक । भारतको रेलवे बोर्डले नेपालको जनकपुरधाम र भारतको उत्तर प्रदेशस्थित अयोध्याबीच ६०४ किलोमिटर दूरीमा नयाँ साप्ताहिक रेल सेवा सञ्चालन गर्न स्वीकृति दिएको छ । भारतीय रेल मन्त्रालयले सन् २०२६ नोभेम्बर १४ मा जारी गरेको सूचनाअनुसार रेल सेवा जनकपुरधामबाट शनिबार र अयोध्या क्यान्टबाट सोमबार सञ्चालन हुनेछ ।

रामायण परम्परासँग जोडिएका माता सीताको जन्मस्थल जनकपुरधाम र भगवान् श्रीरामको जन्मस्थल मानिने अयोध्यालाई जोड्ने यो रेल सेवाले नेपाल-भारतबीचको धार्मिक पर्यटन तथा सीमापार आवागमनलाई सहज बनाउने अपेक्षा गरिएको छ । रेल सेवा बिहार र उत्तर प्रदेशका विभिन्न सहर हुँदै सञ्चालन हुनेछ । यसका व्यवसायिक बिसौनीहरुमा जयनगर, मधुबनी, शिशो, सीतामढी, रक्सौल, नरकटियागन्ज, गोरखपुर, बस्ती, मनकापुर र अयोध्या धाम रहनेछन् ।

नयाँ रेल सेवाले जनकपुरधाम र अयोध्याबीच तीर्थयात्रा गर्न यात्रु तथा पर्यटकलाई प्रत्यक्ष लाभ पुग्ने भारतीय रेल मन्त्रालयले जनाएको छ । यसबाट रामायण सर्किटअन्तर्गत धार्मिक पर्यटन प्रवर्द्धन हुनुका साथै शिक्षा, व्यापार तथा पारिवारिक प्रयोजनका लागि सीमापार यात्रा गर्ने यात्रुलाई समेत सहज हुने अपेक्षा गरिएको छ ।

रेल सेवा सञ्चालनमा आएपछि मार्गमा पर्ने क्षेत्रका होटल, पर्यटन व्यवसाय, स्थानीय व्यापार तथा परम्परागत हस्तकलासँग सम्बन्धित व्यवसायीले नयाँ अवसर प्राप्त गर्ने अपेक्षा गरिएको छ । विशेषगरी नेपाल र भारतको बिहार सीमावर्ती क्षेत्रका बासिन्दालाई थप यातायात विकल्प उपलब्ध हुने र दुई देशबीचको आर्थिक तथा सामाजिक सम्बन्ध सुदृढ हुने विश्वास गरिएको छ ।

नेपाल र भारतबीच लामो समयदेखि कायम धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा सामाजिक सम्बन्धलाई रेल सम्पर्कले थप मजबुत बनाउने भारतीय पक्षको विश्वास छ ।

दैनिक राशिफल

आज मिति
२०८३ साल
मंसिर ४ गते
शुक्रबार
20 Nov. 2026
तिथि: एकादशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : चन्द्रावस्त्र गोड, सगरमाथा आंचल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

मेष च चे लो ला लि लँ ले लो अ
गित्रबाट सहयोग ।
खर्च बढ्ने, कार्यमा बाधा ।

वृष इ उ ए ओ वा वि वु वे वो
मामाबाट सहयोग ।
व्यवसायमा सफलता ।

मिथुन का कि कु घ ङ छ के को हा
व्यापारबाट फाइदा ।
धर्ममा मन लाग्ने ।

कर्कट च चे लो ला लि लँ ले लो अ
धन लाभ ।
मानसम्मान बढ्ने ।

सिंह मा मि मु मे मो टा टि टु टे
आर्थिक लाभ हुने ।
स्वास्थ्यमा समस्या देखिने ।

कन्या टो प पी पँ ष ण ठ पे पो
मिष्ठान्न भोजन ।
विपरित लिंगीबाट सहयोग।

तुला हि हु हे हो डा डि डु डे डो
कृषि कार्यमा फाइदा ।
शत्रु पराजय ।

वृश्चिक तो ना नि नँ ने नो या यि यु
सन्तानबाट सुख ।
गहनाको सामान जोडिने ।

धनु य यो भा भी भ धा फा ढ भे
कार्यमा सफलता ।
मानसम्मान बढ्ने ।

मकर भो जा जी खि खु खे खो गा गी
व्यापारबाट फाइदा ।
भाइबाट सहयोग ।

कुम्भ गँ गे गो सा सी सँ से सो द
आयमा सामान्य बृद्धि ।
प्रेममा सफलता ।

मीन दि दु ध झ ञ ज दे दो चा ची
कारोबारमा सन्तुष्ट ।
शिक्षामा रुचि ।

राधाकृष्ण मन्दिर पुनर्निमाण हुने



दमक/ दमक-७ स्थित राधाकृष्ण मन्दिर पुनर्निमाण हुने भएको छ । यस मन्दिर लाई पुनर्निर्माण गरि नयाँ मन्दिर बनाउने योजनाकासाथ प्रक्रिया अघि बडाइएको मन्दिर समितिका अध्यक्ष रीता थापाले जानकारी दिइन् । उनका अनुसार पुनर्निर्माण प्रक्रियामा जान पुरानो मन्दिर भएको भवन भत्काउने कार्य शुक्रवारदेखि नै शुरू गरिने भएको हो । अहिले भएको भगवानको मन्दिर यथावत राखि मन्दिर परिषरको पछिल्लो भागमा कभर हुनेगरी भवन बन्ने तयारी रहेको छ ।

पुनर्निमाणको अवधीभर भक्तजनलाई पूजामा पर्नजाने असरप्रति पुनर्निर्माण समितिले क्षमा याचनासमेत गरेको छ । नवनिर्माण मन्दिर र भवनको पूर्णतामा आम दमकबासीलाई सरिक भइदिन समितिका महासचिव कृष्ण तिम्सिनाले आग्रह समेत गरेको जनाइएको छ । यो मन्दिर २०३८ सालबाट जानकी बाबाको पहलमा पहिलो पटक दाताहरूको सहायतामा निर्माण प्रक्रिया शुरू भएको थियो ।

एआईको विकासमा अवरोध नगर्न ट्रम्पको आग्रह

एजेन्सी/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कृत्रिम बौद्धिकता (एआई) प्रविधिको विकासमा अवरोध पुग्ने खालका नियम बनाउन नहुने बताएका छन् । उनले एआईलाई सकारात्मक प्रविधिका रूपमा व्याख्या गर्दै यसको विकासलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिएका छन् । एपेक (एसिया प्रशान्त आर्थिक सहयोग) सम्मेलनमा सम्बोधन गर्दै ट्रम्पले एआई उद्योगको विकास रोक्ने खालका नियमनको विरोध गरेका हुन् । एआई प्रविधि लगभग पूर्ण रूपमा सकारात्मक रहेको उनको भनाइ थियो ।

सम्मेलनका क्रममा ट्रम्पले चीन र रुससँगको सम्बन्धबारे पनि धारणा राखेका छन् । चिनियाँ राष्ट्रपति सी जिनपिङ र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग आफ्नो सम्बन्ध राम्रो रहेको दाबी गर्दै उनले दुवै नेताले आफूलाई मन पराउने बताएका छन् ।

सी र पुटिनसँग विपक्षीय शिखर बैठक हुनुअघि ट्रम्पले यस्तो धारणा सार्वजनिक गरेका हुन् । उनले अमेरिका लामो समयदेखि प्रशान्त क्षेत्रको शक्तिका रूपमा रहँदै आएको उल्लेख गर्दै यस क्षेत्रमा विकास, स्थायित्व, सार्वभौमिकता, समृद्धि र शान्ति प्रवर्द्धनका लागि काम गरिरहने बताए । 'हाम्रा सम्बन्ध निकै बलिया रहेका छन्', ट्रम्पले सम्मेलनमा भने । उनले अमेरिकी अर्थतन्त्रको अवस्थाबारे पनि दाबी गर्दै अहिले अमेरिका विगतको तुलनामा सबैभन्दा बढी आर्थिक रूपमा फस्टाइरहेको बताए ।

यसैबीच, सम्मेलनमा चिनियाँ राष्ट्रपति सी जिनपिङले सम्बोधन गरिरहँदा ट्रम्पका आँखा बन्द देखिएको दृश्यले पनि ध्यान खिचेको छ । सोही क्रममा रुसी राष्ट्रपति पुटिन भने केही पहँदै गरेको अवस्थामा देखिएका थिए ।

खेलकुद

चितवनले रोज्यो ब्याटिङ, सुदूरपश्चिम फिल्डिङमा

दमक/ चितवन राइनोजले जारी नेपाल प्रिमियर लिग सिजन ३ अन्तर्गत विहिवारको खेलमा टस जितेको छ । फाइनल प्रवेशका लागि सुदूरपश्चिम रोयल्ससँग भिड्न लागेको चितवनले टस जितेर ब्याटिङको निर्णय गरेको हो । आजको खेलमा सुदूरपश्चिमले दुई परिवर्तन गरेको छ । अविनाश बोहराको स्थानमा दीपक बोहरा आउँदा थनुका दबारेको स्थानमा फेबियन एलेन खेल्दै छन् । चितवरूनले भने यसअघिकै टोलीलाई मैदानमा उतारेको छ । सुदूरपश्चिम पहिलो खेलमा लुम्बिनीसँग पराजित भएको थियो । चितवनले अघिल्लो खेलमा काठमान्डुलाई नकआउट गरेको थियो ।

खेल २ नम्बर पिचमा खेलाइँदै छ । यही पिचमा पोखराले २०० रन माथिको योगफल बनाएको थियो ।

विश्वका प्रदूषित सहरमध्ये काठमाडौं तेस्रो

दमक/ विश्वका प्रमुख प्रदूषित सहरको सूचीमा काठमाडौं तेस्रो स्थानमा परेको छ । वायु प्रदूषण मापन गर्ने संस्था आईक्यूएयरले बिहीबार बिहान सार्वजनिक गरेको तथ्यांकअनुसार काठमाडौं विश्वका प्रदूषित सहरमध्ये तेस्रो स्थानमा परेको हो ।

आईक्यूएयरको बिहान ८:४५ देखि ९:४५ बजेसम्मको प्रत्यक्ष तथ्यांकअनुसार काठमाडौंको वायु गुणस्तर सूचकांक (यूएस एक्यूआई) १८३ पुगेको छ । सूचीको पहिलो स्थानमा पाकिस्तानको लाहोर रहेको छ । लाहोरको वायु गुणस्तर सूचकांक ३२५ रहेको छ भने दोस्रो स्थानमा रहेको बंगलादेशको ढाकाको २५६ रहेको छ ।

त्यस्तै, भारतको दिल्ली १८२ एक्यूआईसहित चौथो, पाकिस्तानको कराँची १६७ सहित पाँचौं र इजिप्टको कायरो १६५ सहित छैठौं स्थानमा छन् । आईक्यूएयरको तथ्यांकअनुसार काठमाडौंको वायु प्रदूषणको स्तर अस्वस्थकर तहमा पुगेको देखिएको छ । यस्तो अवस्थामा विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक तथा श्वासप्रश्वाससम्बन्धी समस्या भएका व्यक्तिहरू बढी जोखिममा पर्न सक्छन् ।

कोशी अस्पतालले मिर्गौला प्रत्यारोपण सेवा सुरु गर्ने

मोरङ/ कोशी अस्पतालले आगामी ६ महिनाभित्र मिर्गौला प्रत्यारोपण (किड्नी ट्रान्सप्लान्ट) सेवा सुरु गर्ने तयारी तीव्र पारेको छ । त्यसका लागि आवश्यक दक्ष चिकित्सकको टिम तयार पार्नुका साथै नर्सिङ जनशक्तिलाई विशेष तालिम दिन थालिएको छ ।

अस्पतालले प्रत्यारोपण सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार, जनशक्ति र कानुनी प्रक्रिया एकसाथ अघि बढाएको हो । कोशी र मधेश प्रदेशका साथै छिमेकी मुलुक भारतसम्मका बिरामीको चाप रहने प्रदेशकै ठूलो सरकारी स्वास्थ्य संस्थामा मिर्गौला प्रत्यारोपण सेवा सुरु भए यस क्षेत्रका बिरामीलाई ठूलो राहत पुग्ने अपेक्षा गरिएको छ । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मे.सु.) डा. चन्द्रभाल झाका अनुसार तीनदेखि छ महिनाभित्र सेवा सञ्चालन गर्ने लक्ष्यसहित विभिन्न समिति गठन गरेर तयारी अघि बढाइएको छ । प्रत्यारोपण सेवा सञ्चालनका लागि अस्पताललाई 'ट्रान्सप्लान्ट सेन्टर' का रूपमा दर्ता गर्ने प्रक्रिया पनि सुरु भइसकेको छ ।

मुकुमलुङ..... जनजाति महासंघ धनकुटाका अध्यक्ष नवीनकिशोर शाक्यले २०८३ असार ४ गते सचिवस्तरीय निर्णयबाट गठित सात सदस्यीय कार्यदलले बुझाएको प्रतिवेदन सार्वजनिक गर्न माग गरेका छन् । समितिले नौबुँदे माग सार्वजनिक गर्दै केबलकार आयोजना खारेज गर्न, कानुन उल्लंघन र फर्जी कागजात निर्माणमा संलग्नमाथि छानबिन गरी कारबाही गर्न माग गरेको छ ।

सुनको..... आयोजकले जनाएका छन् । यसअघि विसं २०४२ मा राष्ट्रगुरू योगी नरहरिनाथको अगुवाइमा झापाकै पवित्र कनकाई धाममा एक करोड गायत्री मन्त्रद्वारा हवन गरी कोटी हवन महायज्ञ सम्पन्न गरिएको थियो ।

करिब ४१ वर्षको लामो अन्तरालपछि झापाको भूमिमा पुनः कोटी हवन हुन लागेकाले यसलाई पूर्वी नेपालकै एक ऐतिहासिक आध्यात्मिक उत्सवका रूपमा हेरिएको छ ।

भूमिपूजन समारोहमा नेपालसहित भारत, भूटान, अमेरिका, क्यानडा, अस्ट्रेलियालगायत विश्वका विभिन्न मुलुकबाट आएका विशिष्ट सन्त, महात्मा तथा धार्मिक गुरूको उपस्थिति रहनेछ ।

चुरे पहाडको फेदीमा अवस्थित प्राकृतिक छटाले भरिपूर्ण यस धाममा २०७२ सालमा गोलोक गोवर्धन गौशाला स्थापना भएपछि धार्मिक पर्यटनको गतिविधि फस्टाएको छ । स्थापनाकालदेखि नै गौ संरक्षण र सनातन संस्कृतिको जगेर्नामा सक्रिय यस गौशालामा हाल दुई हजार ५०० गाईको संरक्षण भइरहेको छ ।

गौशालाको सक्रियतासँगै धामसम्म पुग्नका लागि सुविधासम्पन्न कालोपत्रे सडक निर्माण भएको छ । धाम परिसरमा दर्जनौं मठमन्दिर, देवालय, अतिथिगृह, सुविधासम्पन्न गौशाला, रामदरबार तथा द्वादश ज्योतिर्लिङ्गलगायतका आकर्षक धार्मिक संरचना निर्माण भएका छन् ।

यहाँ सञ्चालन हुने शतकुण्डीय गायत्री कोटी हवन महायज्ञले शिवसताक्षीधामको धार्मिक तथा पर्यटकीय गरिमालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अझ उचो बनाउने विश्वास लिइएको छ ।

विश्व शान्ति, प्राणी कल्याण र वैदिक परम्पराको जगेर्नामा टेवा पुऱ्याउने यस महायज्ञले स्वदेश तथा विदेशका लाखौं श्रद्धालु भक्तजनलाई एउटै आध्यात्मिक सूत्रमा जोड्ने आयोजक संस्थाका अध्यक्ष आचार्य भारद्वाजले जानकारी दिए ।

महाभारतकाल र पौराणिक कथासँग जोडिएको शिवसताक्षीधाम पूर्वी नेपालको एक प्रमुख आस्थाको केन्द्र मानिन्छ । महाभारतकालमा पाण्डवले गुप्तवासका क्रममा यस क्षेत्रमा विचरण गरेको तथा सतीदेवीको अंग पतन भई सताक्षी देवीको उत्पत्ति भएको धार्मिक किंवदन्ती रहेकाले यस धामको विशिष्ट आध्यात्मिक महत्व छ ।

तीर्थयात्री..... यस्तै, बर्दियाको बाँसगढी नगरपालिका-३ निवासी १९ वर्षीय जीवन सुनार, ३० वर्षीय सन्दीप सुनार, १८ वर्षीया सन्ध्या सुनार, १८ वर्षीया निकिता सुनार, ११ वर्षीया प्रज्ञा सुनार, १६ वर्षीया आकृति सुनार, १९ वर्षीय हरिकृष्ण नेपाली, १८ वर्षीया मनिषा सुनार, १५ वर्षीया पूजा सुनार, दीपक सुनार, १६ वर्षीया पुष्पा सुनार र २२ वर्षीय करण सुनार घाइते भएका छन् ।

कन्काई..... निर्माण प्रक्रिया छिटो अघि बढाउन कवि सम्मेलन आयोजना गरिएको बताए ।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय इटहरीका अनुसार कन्काई पुल निर्माणका लागि २०६८ जेठ ३१ गते पप्पु-महादेव खिम्ती जेभीसँग रू ३४ करोड नौ लाखमा ठेक्का सम्झौता भएको थियो । सात सय २३ मिटर लामो पुल २०७२ जेठ ३० गतेमित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहे पनि पाँच पटक म्याद थप गर्दा पनि भौतिक प्रगति ५६ प्रतिशतमा सीमित भएको थियो । वर्षायाममा कन्काई नदीमा डुङ्गाको जोखिमपूर्ण यात्रा गर्नुपर्ने र हिउँदमा बाँसको अस्थायी पुलबाट शुल्क तिरेर वारपार गर्नुपर्ने बाध्यता स्थानीयले भोग्दै आएका छन् ।

निर्माणमा भएको ढिलाइपछि सरकारले ठेक्का रद्द गरी निर्माण कम्पनीबाट रू एक अर्ब ९९ करोड १२ लाख ५८ हजार ७७५ जरिवाना असुल गर्ने प्रक्रिया अघि बढाएको छ । पुल निर्माण नहुँदा झापा गाउँपालिका-२ र गौरीगञ्ज गाउँपालिका-१ सहित आसपासका हजारौं नागरिक प्रभावित छन् ।

संसद.....

संसद..... यसका लागि गठित सुधार समितिको प्रत्येक १५ दिनमा बैठक बस्ने गरेको र सबै मन्त्रालयबाट प्रगति विवरण प्राप्त भइरहेको उनको भनाइ छ । दसैंअघि संसदा दर्ता भएका विधेयकहरूको प्रगति हेर्दा निर्धारित लक्ष्य हासिल गर्न सकिने विश्वास बढेको उनले बताइन् ।

यसैबीच, संसद् सचिवालयले अधिवेशन सञ्चालनका लागि आवश्यक तयारी गरिरहेको जनाएको छ । सचिवालयका प्रवक्ता एकराम गिरीले सदन सञ्चालनका लागि सचिवालय सधैं तयारी अवस्थामा रहने बताए । यद्यपि, नयाँ संसद् भवनको प्रतिनिधिसभा सभाकक्षमा केही प्राविधिक तयारी बाँकी रहेको उनले जानकारी दिए । संविधानअनुसार सरकारको सिफारिसमा राष्ट्रपतिले संसद् अधिवेशन आह्वान गर्ने व्यवस्था छ ।





हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना!

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौसिक तथा लिखित तरतापेक्षा गरिएको हुर्व बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सूचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पति जहाँ जे जस्तो अवस्था र परिणाममा छ जोती अवस्था र परिणाममा बैंकको निगमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा यही भो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आ वान गरिएछ । साथै ऋणी, व्यक्ति, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवं सरुवाट सबैलाई थितो दिएको सम्पति लिलाम बिक्री हुने व्यहोरा जर्ने सूचनाद्वारा सूचित गरिन्छ । प्रकाशित सूचनाको स्थानिमत्र ऋणी, व्यक्ति, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न जआय थितो लिलानीको प्रक्रिया अगाडि बढाइनेछ। बोलपत्र खोलिने दिन ऋणी, बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली थितो लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउन कुनै बाधा पर्ने छैन। साथै बोलपत्र प्राप्त भई वा नभई थितोको सम्पति लिलाम बिक्री हुन नसकेमा प्रशलित कानुनको अधिनमा रही बैंकले धितोको सम्पति पुनः बैंकद्वारा सम्पति बिक्री गरिने भएको हुँदा सो समेत जानकारी गराईन्छ। धितोको सम्पति लिलाम भई वा नभई वा पुनः बैंकद्वारा सम्पतिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसकी बाँकी रहेको रकम बैंक तथा वित्तिय संस्था सञ्चालन ऐन, २०७३, बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन, २०४८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारबाही अगाडि बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सूचित गरिन्छ।

तपसिल

ऋणीको नाम	धितो विवरण
शाखा कार्यालय: दमक २ शाखा, झापा	
१. दल बहादुर अधिकारीको जाति उदबर बहादुर अधिकारीको छोरा झापा जिल्ला दमक न.पा. वडा नं. ९ बस्ने **रुद्रमणी अधिकारी (ऋणी)** व्यक्तिगत जमानी दिने: **साहिल अधिकारी, डिक मणि अधिकारी र सविता कार्की**	ऋणी रुद्रमणि अधिकारीको नागरिता दर्ता कायम रहेको झापा जिल्ला दमक न.पा. वडा नं. १७ (हाल दमक न.पा. वडा नं. ९) स्थित कि.नं. ७७९००१५५७ स्थित कित्ता नं. ३५ को क्षेत्रफल १०८.५० र कित्ता नं. ३२ को क्षेत्रफल १२६.९० (घर) वर्ग मिटर जग्गा समेत ।
२. डबर बहादुर अधिकारीको बुहारी हरी बहादुर कार्कीको छोरी रुद्रमणी अधिकारीको पत्नी झापा जिल्ला दमक न.पा. वडा नं. १३ (हाल दमक न.पा. वडा नं. ८) बस्ने सविता कार्की (ऋणी) व्यक्तिगत जमानी दिने: **साहिल अधिकारी, डिक मणि अधिकारी र रुद्रमणी अधिकारी** **यस अघि प्रकाशित सूचना:** मिति २०८२।९।१७ गतेको लघी पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सूचना । मिति २०८३।०१।१५ को आर्थिक अनिशान राष्ट्रिय दैनिकमा १५ दिने थितो लिलाम बिक्रीको सूचना । मिति २०८३।०३।०८ को सौर्य दैनिक राष्ट्रिय दैनिकमा ७ दिने थितो लिलाम बिक्रीको सूचना ।	दल बहादुर अधिकारीको नाति उदबर बहादुर अधिकारीको छोरा झापा जिल्ला दमक न.पा. वडा नं. ९ बस्ने रुद्रमणी अधिकारीको नागरिता दर्ता कायम रहेको झापा जिल्ला दमक न.पा. वडा नं. १७ (हाल दमक न.पा. वडा नं. ९) स्थित कि.नं. ७७९/००५४४ स्थित कित्ता नं. ५६३ र ३८७ को क्षेत्रफल कमशः ४२८.०० र १७३.०० वर्ग मिटर जग्गा समेत । पुलपरः माथि उल्लेखित थितो ऋणी द्र बसुटी बज मेकअप स्टुडियो र ऋणी रजमुखी फुटसलले उपभोग गरेको कर्जा समेतलाई थितो सुरक्षाणका रहेको छ ।

नोट : यो सूचना ३८३ मसिर ३ गते नागरिक दैनिकमा प्रकाशित गरिएको छ।

बोलपत्रका शर्तहरु :

१. बोलपत्र फारम यस बैंकको तपसिलमा उल्लेखित शाखाबाट, कार्यालय समयभित्र रु. १,००० खरिद गरी लिन सकिनेछ ।
२. बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारमगामा उल्लेख गरिए बमोजिम हुनेछ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय	बोलपत्र खोलिने मिति र समय	बोलपत्र पेश गर्ने स्थान	बोलपत्र खोलिने स्थान
२०८३/०८/१७ कार्यालय समय समम	२०८३/०८/२२ अपराह्न २:०० बजे	यस बैंकको कुनै पनि शाखा, कार्यालय	सम्बन्धित शाखा, कार्यालय

HBL Himalayan Bank Ltd.

हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६५५५०, पो.ब.नं. २०५५० काठमाडौं

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत

कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com